**श्री सरस्वती सामुदायिक वन उपभोक्ता समूह**

**राप्तीसोनारी गा.पा-०३ , बाँके**

**बोलपत्र द्वारा लिलाम बिक्रीको सूचना**

**पहिलो पटक सूचना प्रकाशित मिति:- २०८२/११/२१**

रामकुमारी

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २२४९ मितिः२०८२/१०/१२ गतेको काठ दाउरा संकलन सहमति बाट यस समूहले छपान भएका रुखहरुलाई कटान मूछान भई उत्पादित काठ दाउरा समूहमा आन्तरिक खपत भई बाकी रहेका गोलिया काठ तथा दाउरालाई डिभिजन वन कार्यालय बाँकेको च.नं. ३४०८ मितिः२०८२/१२/१९ गतेको बाह्य लिलाम सहमति बमोजिम घाटगद्दीमा रहेका तपसील बमोजिम का वन पैदावारलाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकासित गरिएको छ । इच्छुक वन पैदावरको कार्य गर्नका लागी डिभिजन वन कार्यालयमा दर्ता भएका सःमिल वा कम्पनीले यो पहिलो पटक प्रकाशित भएको मितिले २१(एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र खरीद गरी २२ दिन भित्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**तपसील**

| लट न | जात | ग्रेड | थान | परिमाण घ.फि. | दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | साल | A | २ | २४.०१ | १२५० | ३००१३ | १४३८५७ | |
| | | B | २७ | २६२.७ | ९०० | २३६४३० | | |
| | | C | ४८ | २१८.६९ | ६०० | १३१२१४ | | |
| | साल जम्मा | | ७७ | ५०५.४ | | ३९७६५७ | | |
| | असना | B | ६ | १९७.२ | ३०० | ५९१६० | | |
| | | C | ७ | १०४.३१ | १०० | १०४३१ | | |
| | असना जम्मा | | १३ | ३०१.५१ | | ६९५९१ | | |
| | पानन | | ११ | ५५.९४ | ३०० | १६७८२ | | |
| | जम्मा | | १०१ | ८६२.८५ | | ४८४०३० | | |
| | साल दाउरा २ चट्टा | | | | १२००० | २४००० | | |
| | अन्य दाउरा १ चट्टा | | | | ४००० | ४००० | | |
| | कुल जम्मा | | | | | ५१२०३० | | |

- बोलपत्र खरीद गर्नुपर्ने अन्तिम मिति र समयः २०८३/०१/११ कार्यालय समय सम्म ।
- बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय : २०८३/०१/१२ दिउसो ३:०० बजे सम्म ।
- बोलपत्र तथा कबुल गरेको रकमको १० प्रतिशत रकम यस समूहको शाइन रेसुङगा डेभलोपमेन्ट बैंक लिमिटेड, अगैया शाखामा रहेको हिसाब नं ०७०००१००३२४०६६००००००१(SARASWATI SA.BA.U.SA) मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिनाको बैंक ग्यारेन्टी समाबेस गरेको हुनु पर्नेछ ।
- बोलपत्र फारमको रु १०००/-(पछि फिर्ता नहुने ) तिरी यस समूह वा डिभिजन वन कार्यालय बाँकेबाट खरीद तथा दाखिला गर्न सकिनेछ ।
- लिलाम हुने वन पैदावर कार्यलय खुलेको समयमा यस सा.व.उ.स को घाटगद्दीमा गई हेर्न सकिनेछ ।
- लिलाममा भाग लाइन डि.व.का.मा सूचिकृत भएका ईच्छुक काठदाउरामा आधारित उद्योगहरुले सूचिकृत भएको प्रमाणपत्रको प्रतिलिपि सहित नेपाली नागरिताको प्रमाण-पत्र, कर दर्ता/ चुक्ताको प्रमाण पत्रको प्रतिलिपि, मूल्य अभिबृद्दी कर दर्ताको प्रतिलिपि वा स्थायी लेखा नं(पि.पि.एन) दर्ताको प्रमाणपत्रको प्रतिलिपि, कारोबार गर्न अनुमति पाएको फर्मको प्रतिलिपि साथ सिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।
- निर्धारित न्यूनतम संख्या र रितपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मिति २०८३/०१/........................गते दिउसो २:०० बजे समूहले समूह, कार्यालयमा बोलपत्र दाखिला गर्ने फार्मको प्रतिनिधीहरुको रोहबरमा खोलिनेछ । बोलपत्र दाखिला गर्ने फर्मको प्रतिनिधि अनुपस्थित भएमा पनि बोलपत्र खोल्न सकिन्छ ।
- बोलपत्र खरीद, दाखिला वा खोल्ने दिन बिदा परेमा सो को भोलीपल्ट वा कार्यालय खुलेको पहिलो दिनमा गरिनेछ ।
- लिलाम बिक्री सदर भएको जानकारी प्राप्त भएको मितिले वा समूहले कार्यालयको सूचना पाटिमा टाँस गरेको मितिले १० दिन भीत्र सकार रकम, मूल्य अविबृद्दि कर तथा संकलन खर्च नियमानुसार छुट्टाछुट्टै बुझाई लिलाम चढेका वन पैदावर तोकिएको अवधी भत्र उठाई लैजानु पर्ने छ ।
- बोलपत्र सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ । अङ्क अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
- बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार समूहमा रहनेछ ।
- अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।